# नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

## आ.ब ०७५/७६ को चौथो त्रैमासिकसम्मको वित्तीय परिणाम

| | | लेखा परीक्षण नभएको | लेखा परीक्षण नभएको | लेखा परीक्षण भएको |
|---|---|---|---|---|
| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
| | **वासलात** | | | |
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | ७३,७३७,०३९,४९५ | ६९,९०८,४२५,७०३ | ५७,४४३,१७६,६०८ |
| १.१ | चुक्ता पूँजी | ५,४९६,१६०,८१० | ४,३९६,९२८,६४८ | ४,३९६,९२८,६४८ |
| १.२ | जगेडा तथा कोष | २,४३६,७७६,७६५ | ४,४५१,९६७,२७७ | ३,०१२,७४९,७९८ |
| १.३ | जीवन बीमा कोष | ६५,३६७,४००,०४२ | ६०,६२२,८२७,९०० | ४९,५९६,७९६,२८४ |
| १.४ | महाविपत्ती कोष जगेडा | ४३६,७०१,८७८ | ४३६,७०१,८७८ | ४३६,७०१,८७८ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | - | - | - |
| २ | उपयोग (२.१ देखि २.६ सम्म) | ७३,७३७,०३९,४९५ | ६९,९०८,४२५,७०३ | ५७,४४३,१७६,६०८ |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ३०७,६११,३५२ | ३०५,१६६,६९५ | ३०७,७२८,९२३ |
| २.२ | दीर्घकालिन लगानी तथा कर्जा | ४१,२३२,१३२,९७१ | ४१,५८१,०७८,७७३ | २९,८७६,९११,७५८ |
| २.३ | बीमालेखको धितोमा कर्जा | ११,८८९,८२९,९८३ | ११,०२८,२४२,६५६ | ८,४१९,७७५,७५१ |
| २.४ | खुद चालु सम्पत्ति (३-४) | २०,३०७,२०९,३२१ | १६,९९३,१२०,६०३ | १८,८३६,२५९,८७९ |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | २५५,८६९ | ८१६,९७५ | २,५००,२९७ |
| २.६ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | - | - | - |
| | खुद चालु सम्पत्तिको विवरण | | | |
| ३ | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म) | २४,९५३,७८८,७७० | १९,५०६,३६८,८२७ | २३,७४९,३५५,३०६ |
| ३.१ | नगद तथा बैंक मौज्दात | १,९७२,७२१,५६२ | २६०,३२१,०३० | ६६०,७७४,३४१ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | १८,२२८,५२६,५३५ | १४,४६८,१६१,६९६ | २०,४५८,३९३,६७० |
| ३.३ | अन्य सम्पत्ति | ४,७५२,५४०,६७३ | ४,७७७,८८६,१०१ | २,६३०,१८७,२९५ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४ सम्म) | ४,६४६,५७९,४४९ | २,५१३,२४८,२२४ | ४,९१३,०९५,४२७ |
| ४.१ | चालु दायित्व | २,७५७,०५७,०२५ | ८४५,०११,७४५ | १,३६७,६२५,६७९ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | १९१,०१०,०११ | १९१,०१०,०११ | २९३,९३१,५५२ |
| ४.३ | भुक्तानी हुन बाँकी दाबी वापत व्यवस्था | १,१५६,५८५,७६४ | ८७०,२२८,८८४ | १,५५५,१७५,६२८ |
| ४.४ | अन्य व्यवस्था | ५४१,९२६,६४९ | ६०६,९९७,५८४ | १,६९६,३६२,५६८ |
| | **नाफा-नोक्सान हिसाब** | | | |
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | ८७४,५८३,९२४ | ७०८,३४०,१३३ | १,६९७,०९४,२०७ |
| १.१ | आय व्यय हिसाबबाट सारेको | ५६,५३६,०३४ | ४५,६५३,१९० | १३९,९२६,७८४ |
| १.२ | जीवन बीमा कोषबाट सारेको* | - | - | ८२०,३२०,३०५ |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | ७५०,७२२,१०१ | ६६२,६८६,९४३ | ७३६,८४७,११८ |
| १.४ | व्यवस्था फिर्ता | ६७,३२५,७८९ | - | - |
| १.५ | अन्य आम्दानी | - | - | - |
| २ | व्यवस्था तथा खर्चहरु (२.१ देखि २.८) | ३५१,३२४,७९५ | २४१,११६,१०४ | ५८४,२६२,२९० |
| २.१ | व्यवस्थापन खर्च | २२४,५००,७७७ | ७४,०४६,२३६ | १४४,६८०,४५७ |
| २.२ | अपलेखन खर्च | - | - | - |
| २.३ | अन्य खर्च | - | - | - |
| २.४ | नोक्सानीको लागि व्यवस्था | - | १०,०१०,८३४ | ३०१,९९२,३५३ |
| २.५ | कर्मचारी आवास व्यवस्था | - | - | - |
| २.६ | कर्मचारी बोनस व्यवस्था | ६५,००८,३१५ | ६२,४२२,४६७ | १२५,०३३,२०१ |
| २.७ | आयकर | ६१,८१५,७०४ | ९४,६३६,५६७ | १२,५५६,२७९ |
| २.८ | जीवन बीमा कोषमा सारेको | - | - | - |
| | खुद नाफा/नोक्सान (१-२) | ५२३,२५९,१२९ | ४६७,२२४,०२९ | १,११२,८३१,९१७ |

*कम्पनीको बीमाङ्कीय मूल्याङ्कन पश्चात् प्राप्त हुने मुनाफा गणना गरिएको छैन ।

| | | | | |
|---|---|---|---|---|
| | **एकीकृत आय-व्यय हिसाब** | | | |
| १ | आय (१.१ देखि १.७ सम्म) | ३०,५४१,७७१,५५१ | २१,१२४,७९६,२६० | २२,०००,९२८,४३४ |
| १.१ | बीमाशुल्क (खुद) | २२,८२५,०३०,५१७ | १५,१९०,९३७,३९९ | १५,९८७,४६४,४८५ |
| १.२ | पुनर्बीमा कमिशन आय | २३,४०८,१४८ | २१,७८१,९५३ | १७,९६२,४८७ |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | ४,४८५,८०९,९४५ | ३,१५२,७३८,९५८ | ३,९८९,२०५,८२६ |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | १,०८८,४७४,३३७ | ७७७,३८७,४३५ | ७७२,३६१,८२१ |
| १.५ | अन्य प्रत्यक्ष आय | २६९,९४१,४२४ | १३२,८४३,३३६ | १३९,८०७,०७२ |
| १.६ | यस वर्षको शुरुको भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था | १,५५५,१७५,६२८ | १,५५५,१७५,६२८ | ७३९,४१२,१५१ |
| १.७ | यस वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | २९३,९३१,५५२ | २९३,९३१,५५२ | ३५४,७१४,५९२ |
| २ | व्यय (२.१ देखि २.१० सम्म) | १४,७१४,६३१,७६० | १०,६८७,७५२,१६५ | १०,९८५,३९५,०८८ |
| २.१ | दाबी भुक्तानी (खुद) | ७,९९१,६६९,५४८ | ६,५६९,२३४,७५८ | ५,४२३,७४४,४८६ |
| २.२ | अभिकर्ता कमिशन | २,८१९,०८६,६३५ | १,८२८,७४०,४६१ | १,७९८,५५१,८१३ |
| २.३ | स्वास्थ्य परीक्षण शुल्क | १४,८६७,७९० | ९,३८२,३६१ | ९,२०३,९४३ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | - | - | - |
| २.५ | सेवा शुल्क (खुद) | २२८,२५०,३०५ | १५०,९७०,४९२ | १५९,५८४,२३८ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | ३,०५३,३०६ | २,०३९,५६८ | ३,६१४,०१० |
| २.७ | व्यवस्थापन खर्च | २,०२०,५०६,९९३ | ६६६,४१६,१२८ | १,३०२,१२४,११३ |
| २.८ | आयकर | २८९,६०१,४०८ | ३९९,७२९,५०२ | ४३९,४६५,३०५ |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था * | १,१५६,५८५,७६४ | ८७०,२२८,८८४ | १,५५५,१७५,६२८ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम बापत व्यवस्था | १९१,०१०,०११ | १९१,०१०,०११ | २९३,९३१,५५२ |
| ३ | बचत (१-२) | १५,८२७,१३९,७९१ | १०,४३७,०४४,०९५ | ११,०१५,५३३,३४६ |
| ३.१ | जीवन बीमा कोषमा सारेको | १५,७७०,६०३,७५७ | १०,३९१,३९०,९०४ | १०,८७५,६०६,५६२ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | ५६,५३६,०३४ | ४५,६५३,१९० | १३९,९२६,७८४ |

* भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था अन्तर्गत समर्पण मूल्य (Maturity Payment), आंशिक अवधि समाप्ती दाबी (Partial Maturity Payment) र मृत्यु दाबी (Death claim payment) पर्दछ । उल्लेखित रकम मध्य रु ६.१६ करोड मृत्यु दाबी (Death Claim Payment) बापत व्यवस्था गरिएको छ ।

| | | | | |
|---|---|---|---|---|
| | **अन्य विवरण** | | | |
| १. | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (हाल सम्म) | ९१,६७१,०३६ | ८३,९२३,१९८ | ६८,५५५,७१७ |
| | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (यस आ.व.) | २३,११५,३२० | १५,३६७,४८१ | १६,१७८,७३६ |
| २. | कुल कायम रहेको बीमालेखको संख्या | १,२८०,६३६ | १,२३९,२४८ | १,१५२,८६० |
| ३. | घोषित मुनाफा (बोनस) को दर (७४-७५ सम्मको) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ४. | अन्तरिम मुनाफा (बोनस) को दर (७५-७६ देखि हाल सम्म) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ५. | कुल दाबी भुक्तानी रकम (रु.हजारमा) | ७,५९३,०८० | ५,८८४,२८८ | ६,२१९,१६१ |
| ६. | कुल दाबी भुक्तानी संख्यामा | ४९,६९७ | ३८,४२३ | ३८,४९९ |
| ७. | भुक्तानी हुन बाँकी दावी रकम (रु.हजारमा) | १,१५६,५८६ | ८७०,२२९ | १,५५९,९४४ |

द्रष्टव्य: १) कम्पनीको माथि उल्लेखित असमाप्त जोखिम बापतको व्यवस्था बीमाङ्कीय मूल्याङ्कन पश्चात् परिवर्तन हुन सक्ने छ ।
२) वित्तीय विवरणमा उल्लेख गरिएका विवरणहरु लेखा परीक्षण तथा नियमक निकायको निर्देशन पश्चात् हेरफेर हुन सक्ने छ ।

## आ.व. २०७५/०७६ को चौथो त्रैमासिक प्रतिवेदन

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम १ को प्रयोजनका लागि)

१) वित्तीय विवरण:

क) चौथो त्रैमासिक अवधिको वासलात, आयव्यय हिसाब तथा नाफा नोक्सान हिसाब सम्बन्धी मिति २०७६/०४/३० गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

बीमाङ्कीय मूल्याङ्कन पश्चात प्राप्त हुने मुनाफा जोड्दा वित्तीय अनुपातहरु फरक पर्न सक्छ ।

| | | | | |
|---|---|---|---|---|
| *प्रति शेयर आम्दानी : ९.५२ | प्रति शेयर नेटवर्थ : १५२.२८ | पि.ई. अनुपात : ९४.६४ | प्रति शेयर कुल सम्पत्तिको मूल्य : १,३४२ | औसत प्रतिफल दर : १०.१८ |


*प्रति शेयर आम्दानी गणना गर्दा अन्तिम शेयर संख्या लिएको छ ।


कम्पनीले आ.व.२०७५/७६ को चौथो त्रैमासिक अवधि सम्ममा रु. ५२.३३ करोड मुनाफा आर्जन गर्न सफल भएको छ । गत वर्ष सोहि अवधिमा रु.४७.९३ करोड मुनाफा आर्जन भएको थियो । उक्त मुनाफाको दाँजोमा यस समिक्षा वर्षको मुनाफामा ९.१७ प्रतिशतले बृद्धि भएको छ । सो वित्तीय विवरणमा आय व्यय हिसाबबाट रु. १,५७७.०६ करोड जीवन बीमा कोषमा सारी कुल जीवन बीमा कोष रु. ६,५३६.७४ करोड भएको छ ।


२) व्यवस्थापकिय विश्लेषण:


क) कम्पनीको चौथो त्रैमासिक अवधिसम्ममा कुल बीमाशुल्क आर्जन रु.२,३११.५३ करोड रहेको छ जुन गत बर्षको सोहि अवधिमा प्राप्त कुल बीमा शुल्क रु. १,६१७.०७ करोडको तुलनामा ४२.८७ प्रतिशतले बृद्धी भएको हो । आकर्षित प्रतिफल, समयानुकुल बजार प्रवर्द्धन रणनीति, बढ्दो जनचेतना र बीमितको सर्वोपरी हितका लागि गर्दै आएका प्रयासका कारण कम्पनीले उच्च बजारहिस्सा ओगट्दै आएको छ ।
कम्पनीले यस चौथो त्रैमासिक अवधिसम्ममा कुल रु. ७५९.३१ करोड दाबी भुक्तानी गरेको छ । कम्पनीले सकेसम्म छिटो र छरितो तरिकाले बीमितहरुको दाबी भुक्तानी गर्ने नीति अवलम्बन गरेको छ । कम्पनीले चौंथो त्रैमासिक अवधिसम्ममा रु. ७१.३५ अर्ब भरपर्दो एवं सुरक्षित क्षेत्रमा लगानी गर्न सफल भएको छ, जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. ५८.७५ अर्ब मा २१.४४ प्रतिशतको बृद्धी हो । कम्पनीले बीमा समितिको लगानी निर्देशिका बमोजिम सुरक्षित क्षेत्रमा लगानी गर्दै आएको छ । बढ्दो बीमाशुल्क आर्जन र सुरक्षित लगानि बृद्धिले कम्पनीको वित्तीय क्षमता सुदृढ बनाएको छ ।

कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन बीमा योजना अन्तर्गत प्राप्त प्रथम बीमाशुल्कको वर्गिकरण यस अनुसार छ ।




(* बीमाङ्कीय मूल्याङ्कन हुन बाँकी)

ख) कम्पनीले विद्यमान प्रतिस्पर्धात्मक अवस्थामा समयानुकुल व्यवसायिक योजना र रणनीति अवलम्बन गर्दै आएको छ फलस्वरुप, कम्पनीको व्यवसायिक विस्तारमा तीब्रता तथा बीमितहरुलाई उच्च स्तरीय सेवा दिन लक्ष्य अनुरुप उपलब्धी हासिल गर्दै गएको र बाँकी अवधिमा पनि व्यवसाय तथा सेवा विस्तारमा विशेष ध्यान दिने लक्ष्य लिएको छ ।

ग) बिगतको अनुभवबाट कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि देखिएको छैन ।

३) कानूनी कारवाही सम्बन्धी विवरण : नभएको ।

४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण:

क) समिक्षा अवधिमा भएको कम्पनीको शेयर कारोवार वास्तविक र यथार्थपरक रहेको पाएका छौं ।

ख) त्रैमासिक अवधि सम्मको शेयर कारोबारको विवरण निम्न बमोजिम रहेको छ ।

| | | | | |
|---|---|---|---|---|
| अधिकतम मूल्य : रु १,१७३ | न्यूनतम मूल्य : रु १,२६९ | अन्तिम मूल्य : रु ९०१ | कारोबार संख्या : ८८४,८१० कित्ता | कारोबार दिन : ६४ दिन |

५) समस्या र चुनौती: मुलुकमा जीवन बीमा व्यवसाय प्रति सकारात्मक भावनाको विकास भइरहेकोले जीवन बीमालाई सामाजिक सुरक्षा तथा अनुशासित बचतको माध्यमको रुपमा स्थापित गर्न बीमा जागरण अभियानलाई थप ससक्त बनाउन जरुरी छ । दीर्घकालिन लगानीको अवसर न्यून भएकोले परम्परागत लगानीका क्षेत्रहरुमा मात्र लगानी एकीकृत भइरहने हुँदा केन्द्रित जोखिमको अवस्था रहेको छ । यसै गरी दक्ष जनशक्तिको अभावले केही चुनौतीहरु थपिएका छन् । कम्पनीले समयानुकुल व्यवसायिक रणनीतिको कार्यान्वयनद्वारा चुनौतीहरुलाई अवसरमा परिणत गर्दै जानेमा विश्वास लिएको छ ।

६) संस्थागत सुशासन: कम्पनीले पारदर्शिता तथा जवाफदेहितालाई प्रथम प्राथमिकतामा राख्दै आएको छ । कम्पनीको अनलाईन कारोबार प्रणालीले आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न सहयोग पुऱ्याएको छ । कम्पनीले आफनो हिसाब किताब सर्वमान्य लेखा सिद्धान्त, नेपाल लेखामान मापदण्ड अनुरुप राख्दै कम्पनीको कारोबारहरुलाई समयमै लेखा परीक्षण गर्दै आएको छ । कम्पनीले आफ्नो आन्तरिक नियन्त्रणलाई सबल बनाउन आन्तरिक लेखा परीक्षकको रुपमा स्वतन्त्र चार्टर्ड एकाउन्टेन्टलाई नियुक्ती गरी प्रत्येक त्रैमासिक अवधिको प्रतिवेदन प्राप्त गरी छलफल पश्चात बीमा समितिमा पठाउने गरिएको छ । कम्पनीले बीमा समितिद्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका बमोजिमका प्रावधानहरु कार्यान्वयन गर्दै संस्थागत सुशासन कायम गर्ने तर्फ व्यवस्थापन दृढ रहेको छ ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण: आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

रजिष्टर्ड कार्यालय: मेनरोड वीरगञ्ज (पर्सा)प्रधान कार्यालय: हेरिटेज प्लाजा १, दोश्रो तल्ला, कमलादी, काठमाडौं
फोन नम्बर: ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९
www.nepallife.com.np | info@nepallife.com.np

किनकि जीवन अमूल्य छ...